नेपाल सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालय

सिंहदरवार, काठमाडौं, नेपाल

पत्र संख्याः मितिः२०७४/०१/०५

च.नं.:

"Regional Economic Cooperation and Integration for Enhancing Sustainable Development in Asia and the Pacific Region" विषयक थाइल्याण्डको बैंककमा आयोजित उच्चस्तरीय छलफलमा

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको सहभागिता

## प्रेस विज्ञप्ति

काठमाडौं ।

एशिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक आयोग (UNESCAP) द्वारा थाइल्याण्डको राजधानी बैंककमा यही अप्रिल २० देखि २१ सम्म आयोजना भइरहेको Regional Economic Cooperation and Integration for Enhancing Sustainable Development in Asia and the Pacific Region उच्चस्तरीय छलफल (Dialogue) कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा नेपाली प्रतिनिधिमण्डलका नेता डा. मीनबहादुर श्रेष्ठ सहभागी हुनुभएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा उपस्थित मन्त्रीस्तरीय प्रतिनिधि मण्डलबाट डा. श्रेष्ठलाई उच्चस्तरीय बैठकको अध्यक्षमा निर्विरोध निर्वाचित गरिएको थियो । त्यसपछि, उपाध्यक्ष डा. श्रेष्ठले बिहानी सत्रको अध्यक्षता गर्नुभएको थियो । यस सत्रमा भूटानका सूचना तथा सञ्चार मन्त्री, अफगास्तिानका राज्यमन्त्री र थाइल्याण्डका उपमन्त्रीले बोल्नुभएको थियो ।

यो छलफलले क्षेत्रीय सहयोगलाई प्रभावकारी बनाउने तथा क्षेत्रीय सहयोग र आवद्धताको विकास र विस्तारबाट दिगो विकासका लक्ष हासिल गर्न मद्दत पुऱ्याउने उद्देश्य राखेको छ ।

माननीय उपाध्यक्ष डा. श्रेष्ठले भोलि हुने समापन सभामा अध्यक्षता गर्नुहुने तथा आफ्नो समापन मन्तव्य समेत राख्ने कार्यक्रम रहेको छ ।

उपाध्यक्ष डा. श्रेष्ठ शनिबार नेपाल फर्कने कार्यक्रम छ ।

तुलसी प्रसाद गौतम
प्रवक्ता
२०७४ बैशाख ५

फोनः ४२११६२९, ४२१११३२, फ्याक्सः ४२११७००, ईमेलः info@npc.gov.np वेभसाईटः www.npc.gov.np